म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र


# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- २९१ २०८१ भदौ २८ गते शुक्रबार 13 September 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-




## डीडीसीको भरोसामा जोगाइँदै 'बागमती दुग्ध पाउडर प्लाण्ट'

# दुई महिनादेखि उत्पादन बन्द



समाज संवाददाता

हेटौंडाः २०८० असोजमा निर्माण सम्पन्न भएको बागमती दुग्ध पाउडर प्लाण्ट विगत २ महिनादेखि ठप्प छ । अनुकूलतामा दुग्ध विकास संस्थान (डीडीसी) अन्तर्गतको हेटौंडा दुग्ध वितरण आयोजनाले बेलाबखतमा सञ्चालन गर्दै आएको प्रदेश सरकारको सो दुग्ध पाउडर प्लाण्ट गत साउन पहिलो साताबाट बन्द भएको हो ।

डीडीसीले पर्याप्त दूध संकलन नभएकाले सो पाउडर प्लाण्ट २ महिनादेखि सञ्चालन नै गरेको छैन । मेसिन सञ्चालन नगर्दा बिग्रने भएकाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको दूग्ध विकास बोर्डले २०८० माघमा सम्झौता गरेर प्लाण्ट सञ्चालनको जिम्मा डीडीसीलाई दिएको थियो ।

त्यसयता डीडीसीको भरोसामा टिकाइएको सो प्लाण्टले २ महिनादेखि उत्पादन गर्न सकेको छैन । २०८० मंसिरमा बोर्डको खर्चमा डीडीसीले नै सो उद्योगको परीक्षण उत्पादन गरेको थियो । परीक्षण सफल भएपछि करिब २ महिना सो प्लाण्ट डीडीसीले नै बिना सम्झौता सञ्चालन गर्‍यो । सम्झौतापछि पनि डीडीसीबाट प्रदेश सरकारले प्रतिफल तथा फाइदा लिन सकेको छैन । डीडीसीले हेटौंडा आयोजनामा संकलन भएको दूधलाई ट्यांकरमा भरेर प्लाण्टमा ल्याउँछ र पाउडर उत्पादन गर्छ । उत्पादित पाउडर दूध डीडीसीले नै बजारमा पठाउँछ । उद्योग सञ्चालनबापत हालसम्म प्रदेश सरकारले कुनै प्रतिफल प्राप्त गरेको छैन ।

प्रदेश सरकारले प्रतिफल प्राप्त नगरेपनि प्लाण्टको संरक्षण भइरहेको बोर्ड बताउँछ । सञ्चालन नगर्दा प्लाण्ट बिग्रिन सक्ने भएकाले संरक्षण र नियमितताका लागि डीडीसीलाई सञ्चालन गर्न दिएको र त्यसबापत हलसम्म कुनै राजस्व प्राप्त नभएको मन्त्रालयका सचिव विनोदकुमार भट्टराईले बताउनुभयो ।

### म्याद सकियो डीडीसीको प्रस्ताव आएन

प्लाण्ट सञ्चालनको मोडालिटी नहुँदा प्लान्ट प्रदेश सरकारको घाँडो बनिरहेको छ । विगत १० महिनादेखि डीडीसीले सञ्चालन गर्दै आएको सो प्लाण्ट ठोस मोडालिटी र शर्तसहित डीडीसीलाई नै दिने प्रदेश सरकारले तयारी गरेको छ ।

डीडीसीका कार्यकारी निर्देशकलाई शर्तनामा गरेर प्रदेश सरकारले रोयल्टी पाउने गरी सञ्चालन गर्न दिने बोर्ड र मन्त्रालयको योजना रहेको छ । सोही योजनाअनुसार बोर्डले स्थायी प्रबन्ध नभएसम्म डीडीसीलाई जिम्मा लगाउने गरी सञ्चालन मोडालिटीसहित प्रस्ताव माग गरेको थियो । तर, डीडीसीले हालसम्म प्रस्ताव पेश गरेको छैन ।

२०८१ भदौ ६ मा प्रदेश दुग्ध विकास बोर्डका अध्यक्ष कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले डीडीसीसँग प्लाण्ट सञ्चालन कार्ययोजना माग्ने निर्णय गरेको थियो । भदौ २० भित्र नै कार्ययोजना माग गरिए पनि हालसम्म डीडीसीले प्रस्ताव पेश गरेको छैन । सचिव भट्टराईका अनुसार प्लाण्ट सञ्चालनका लागि डीडीसी तयार र सकारात्मक रहेको छ । केही दिनमा नै कार्ययोजनासहित प्रस्ताव प्राप्त हुने उहाँले बताउनुभयो ।

### सञ्चालन मोडालिटीबारे छलफलमा आउन मन्त्री काफ्लेको निर्देशन

बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले प्रदेश सरकारको दुग्ध पाउडर प्लाण्ट सञ्चालनको मोडालिटीबारे छलफलका लागि बोर्ड र मन्त्रालयलाई उपस्थित हुन निर्देशन दिनुभएको छ । उहाँले प्लाण्टको सम्पूर्ण विवरणसहित आर्थिक मामिला तथा योजना मन्त्रालयमा छलफलका लागि उपस्थित हुन निर्देशन दिनुभएको हो ।

सोमबार प्लाण्टको स्थलगत अनुगमन गर्दै मन्त्री काफ्लेले विभागीय मन्त्रालयले विकास आयोजनाको प्रभावकारी सञ्चालन गरेर नागरिक र सरकारलाई उपलब्धी दिनेगरी काम गर्नुपर्ने बताउनुभयो । सबै पक्षसँगको छलफलबाट प्रदेश सरकारको लगानीमा स्थापना भएको प्लाण्ट सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ ।

सरकारको लगानीलाई उपलब्धीहीन ढंगमा राख्नु उचित नभएकाले यथाशिघ्र सञ्चालनको लागि मन्त्री काफ्लेले मोडालिटी तयार गर्नुपर्ने बताउनुभयो । आवश्यक प्रक्रिया पूरा गरी विभिन्न विकल्पमा छलफल गरेर प्लाण्ट सञ्चालनको मोडालिटी तयार गर्नुपर्ने उहाँले बताउनुभयो । सरकारको लगानीअनुसार प्रतिफल ल्याउने गरी कर्मचारी क्षेत्रबाट काम गर्न उहाँले निर्देशन दिनुभयो । लगानीअनुसार प्रतिफल प्राप्त हुने र नागरिकलाई आर्थिक उपार्जनमा जोड्नु अहिलेको आवश्यकता रहेको उहाँले औंल्याउनुभयो ।

प्रदेश सरकारले २०७७ मा औपचारि करुपमा निर्माण सुरु गरेको सो प्लाण्टमा प्रदेश सरकारको ५० करोड रुपैयाँ लगानी भएको छ । ३ वर्ष लगाएर हेटौंडा-१०, न्यूरेनीस्थित सिसौघारीमा निर्माण गरिएको प्लाण्ट कृषकहरुले उत्पादन गरेको दूधलाई खेर जान नदिन र 'मिल्क होलिडे' अन्त्य गर्ने उद्देश्य रहेको छ ।

दैनिक ६० हजार लिटर दूध प्रशोधन गरी ५ मेट्रिकटन पाउडर दूध उत्पादन र प्याकिङ गर्ने क्षमता रहेको सो प्लाण्टबाट प्रत्यक्ष तथा अप्रत्यक्ष गरी ८० जनाले रोजगारी पाउने लक्ष्य रहेको छ । निर्माण कम्पनीको ढिलासुस्ती र कोरोना महामारीका कारण एक वर्षमा सम्पन्न हुनुपर्ने सो प्लाण्टको निर्माण थप २ वर्ष लागेको थियो । ४१ करोड २२ लाख ७१ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको सो प्लाण्डको लागतसमेत बढेर ४७ करोड रुपैयाँ पुगेको थियो ।

# आज हेटौंडा-४ बालमैत्री शासनयुक्त वडा घोषणा हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ आज शुक्रबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुँदैछ । 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नाराका साथ हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ छैटौं वडाको रुपमा निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुनेछ ।

वडालाई नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकहरुमा अभ्यास गरी ५१ वटा सूचकहरुमध्ये ४९ वटा सूचकहरु शत प्रतिशत, २ वटा सूचकमा ९५ प्रतिशत नतिजा हासिल गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुने अवस्थामा पुगेको छ ।

वडाभित्र १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ४ हजार २ सय ७० रहेकोमा २ हजार २ सय ५१ जना बालक रहेका छन् । बालिकाको संख्या भने २ हजार १९ रहेको छ ।

यसैगरी, वडाको समुदायस्तरमा ११ वटा र विद्यालयस्तरमा ९ वटा बालसमूह सञ्जाल गरी २० वटा बाल समूह सञ्जाल रहेको छ, जसमा ४ सय ७५ जना बालबालिकाहरु आवद्ध छन् । बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणासँगै तेस्रो वृहत् शैक्षिक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम पनि आज शुक्रबार हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा हुनेछ । शैक्षिक प्रदर्शनी कार्यक्रममा ८ वटा विद्यालयको सहभागिता रहनेछ ।

वडाले शुक्रबार बिहान ७ बजे हुप्रचौरदेखि कार्यक्रमस्थल रोयल पार्टी प्यालेससम्म बाजागाजासहितको र्‍याली निकाल्नेछ । उत्कृष्ट र्‍याली प्रदर्शन गर्ने ३ वटा टोलीलाई पुरस्कारसमेत प्रदान गरिने बताइएको छ । वडालाई बालमैत्री स्थानीय शासन, निकृष्ट बालश्रम, बालविवाहमुक्त बनाउने अभियानमा सहयोग गर्ने व्यक्ति तथा संघसंस्थाहरुलाई पुरस्कृत गरिनेछ । यसअघि हेटौंडा उपमहानगरपालिकाको २, ७, ८, १० र १७ नम्बर वडा बालमैत्री वडा घोषणा भइसकेका छन् ।

"बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी"
हेटौंडा उपमहानगरपालिका
४ नं. वडा कार्यालय
सादर निमन्त्रणा
हेटौंडा उपमहानगरपालिका ४ नं. वडा
बालमैत्री स्थानीय शासन, निकृष्ट बाल श्रम, बाल विवाह मुक्त वडा घोषणा
एवम् वृहत शैक्षिक प्रदर्शनी कार्यक्रममा
घोषणा पछिको दिगोपनाका लागि निरन्तर सहयोगको अपेक्षासहित यहाँको गरिमामय उपस्थितिका लागि सादर निमन्त्रणा गर्दछु ।
कार्यक्रम
मिति : २०८१ भाद्र २८ गते ।
समय : बिहान ७:०० बजे ।
र्‍याली सुरु हुने स्थान : हुप्रचौर
घोषणा एवम् प्रदर्शनी स्थल : रोयल पार्टी प्यालेस, हेटौंडा-४
नवीन सिग्देल
वडा अध्यक्ष
निमन्त्रणा कार्ड सौजन्य: Esther Benjamin Memorial Foundation - EBMF

हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...
असोज २ गतेबाट सेवा शुभारम्भ
Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।
हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-बीरगन्ज-हेटौंडा
साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।
भेष खड्गी, सञ्चालक
हाम्रो ईभी सेवा
हेटौंडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३
सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)
ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)
मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

GRAND Opening!
ON
ASOJ
1st 2081
ERKE
PEAK
ERKE & PEAK brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

## सम्पादकीय

# कपडा उद्योगबारे निरर्थक बहस

२५ वर्षदेखि बन्द रहेको कपडा उद्योग सञ्चालनको विषय बहसमा मात्र सिमित भइरहेको छ । बागमती प्रदेशसभाअन्तर्गतको अर्थ तथा विकास समितिको बैठकमा हेटौंडा कपडा उद्योग सञ्चालनको विषयमा बहस चलेको छ । खण्डहर बन्दै गएको हेटौंडा कपडा उद्योग सञ्चालनको विषयलाई संघ तथा प्रदेश सरकारले समय–समयमा उठाउने गरेको छ । सरकारले वर्षेनि नीति तथा कार्यक्रम र बजेटमा हेटौंडा कपडा उद्योग पुनःसञ्चालनको विषय समेट्ने गरेको भए पनि कार्यान्वयनमा आउने गरेको छैन । कपडा उद्योग पुनःसञ्चालन गर्न सहज नभए पनि सरकारले सस्तो लोकप्रियताका लागि चर्चामा ल्याउन भने छोडेको छैन । कपडा उद्योग पुनःसञ्चालनका लागि भन्दै उद्योगको अनुगमन र अवलोकन गर्ने, अध्ययन समिति गठन गर्ने कामले निरन्तरता पाइरहेको छ । प्रदेशसभाको अर्थ तथा विकास समितिको मंगलबार बसेको बैठकमा पनि हेटौंडा कपडा उद्योग पुनःसञ्चालन गर्नुपर्ने र गर्न नसकिने विषयमा चर्को बहस चलेको थियो ।

गर्विलो इतिहास र वर्तमान आवश्यकताका आधारमा हेटौंडा कपडा उद्योग सञ्चालन गर्नु उचित हुनेछ । उद्योगमा हाल रहेकै मेसिन तथा प्रविधिको प्रयोग गरेर उद्योग पुनःसञ्चालन हुने सम्भावना अत्यन्त न्यून हुँदासमेत संघ तथा प्रदेश सरकारका जिम्मेवार व्यक्ति र निकायले चर्चा र बहस गरिरहनु निरर्थक बनिरहेको छ । यस्तै निरर्थक बहसले मंगलबारको अर्थ तथा विकास समितिको बैठकमा प्राथमिकता पायो । बैठकको कार्यसूचीभित्र नै नपरेको विषयमा बैठकका सदस्यहरुले निरर्थक बहस गरे । प्रदेशको पहिलो आवधिक योजनाको समीक्षा र प्रदेश नीति तथा योजना आयोगले तयार गरेको दोस्रो आवधिक योजना (२०८१–२०८५) को प्रमुख कार्यक्रमबारे छलफल गर्न बसेको बैठकमा हेटौंडा कपडा उद्योग पुनःसञ्चालनको बहसमा समितिका सदस्यहरु विभाजित बनेका थिए ।

बैठकमा समितिका केही सदस्यहरुले युवा पलायन रोक्न र स्वरोजगार बनाउने योजना सफल पार्न प्रदेश सरकारले उद्योग कलकारखाना सञ्चालन गर्नुपर्ने र त्यसका लागि हेटौंडा कपडा उद्योग चलाउनुपर्नेमा जोड दिएका थिए । केही सदस्यले भने हेटौंडा कपडा उद्योगको प्रविधि अहिलेको समयमा उपयुक्त नरहेको र सोही प्रविधिमा उद्योग सञ्चालन गर्दा लागत बढी हुने बताएका थिए । सरकारी संरचनालाई बेवारिसे राख्न नहुने र लगानीको प्रतिफल आउने गरी कपडा उद्योग पुनःसञ्चालन गर्नुपर्ने विचार पनि समिति सदस्यको थियो । प्रविधि परिवर्तन गरेरै भए पनि कपडा उद्योग सञ्चालनमा प्रदेश सरकारले पहल गर्नुपर्ने उनीहरुको भनाइ छ । प्रदेशको आर्थिक मामिल तथा योजना मन्त्रालयका सचिवले सांसदहरुको प्रश्नको जवाफ दिँदै अहिलेकै अवस्थामा हेटौंडा कपडा उद्योग सञ्चालन गर्नसक्ने अवस्था नरहेको दावी गरे । नयाँ प्रविधिबाट कपडा उत्पादन गर्दा सस्तो पर्न जाने भएकाले पुरानो प्रविधिको हेटौंडा कपडा उद्योगबाट प्रतिस्पर्धा गर्ने गरी कपडा उत्पादनको सम्भावना नरहेको बताए ।

२०५६ सालको फागुनदेखि बन्द भएको हेटौंडा कपडा उद्योग पुनःसञ्चालन गर्ने भन्दै संघीय सरकारको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीसहितको टोलीले केही साताअघि हेटौंडा कपडा उद्योगको अवलोकन गरेको थियो । पञ्चायती शासन कालमा स्थापना भएका थुप्रै सार्वजनिक संस्थान घाटामा गएको भन्दै बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनःस्थापनालगत्तै निजीकरण, बन्द, खारेजी र स्वामित्व बिक्री गरिएका थिए । चरम राजनीतिक हस्तक्षेप र व्यवस्थापकीय कमजोरीका कारण सरकारी स्वामित्वका धेरै सार्वजनिक संस्थान अहिले पनि निरन्तर घाटामा चलिरहेका छन् । भएका उद्योग, व्यवसाय राम्रोसँग चलाउन नसकेको संघीय सरकार र ५० करोड लगानी गरेर झण्डै एक वर्षअघि निर्माण गरेको पाउडर दुग्ध उत्पादन प्लान्ट सञ्चालनको ठोस निर्णयसमेत गर्न नसक्ने बागमती प्रदेश सरकारले कपडा उद्योग पुनःसञ्चालनको बहस गर्नु निरर्थक हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : ज्ञान र क्षमतामा वृद्धि हुने समयको योग छ । |
| वृष | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| मिथुन | : रोकिएका कामहरु पूर्ण हुने समय योग छ । |
| कर्कट | : धार्मिक र सामाजिक कामले मन शान्ति होला । |
| सिंह | : धार्मिक काममा रुचि बढ्ने समय योग छ । |
| कन्या | : मिहिनेतले मान–सम्मान बढ्ने समयको योग छ । |
| तुला | : परीक्षा–प्रतियोगिताका काममा सफलता नहोला । |
| वृश्चिक | : धार्मिक र परोपकारजन्य काममा समय बित्ला । |
| धनु | : आलस्यले डेरा जमाउने समयको योग छ । |
| मकर | : प्रतियोगी र प्रतिद्वन्द्वीसँग विजय प्राप्त हुनेछ । |
| कुम्भ | : सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ । |
| मीन | : आँटे ताकेका कामहरु सम्पन्न हुने समयको योग छ । |

# बालअधिकारको सुनिश्चितको लागी बालबालिकामा लगानी अपरिहार्य

**सन्दर्भः राष्ट्रिय बाल दिवश २०८१**



**प्रकाश खतिवडा**

राष्ट्रिय बाल दिबशको गत बर्षको नारा ज्यादै नै सान्दर्भिक भएकोले यस बर्ष पनी सोहि नारा "बालबालिकामा लगानीः सुनिश्चित भबिश्यको थालनी" लाई नै निरन्तरता दिईएको छ । बालबालिका राष्ट्रिय गौरव हुन तसर्थ उनिहरुमा लगानी अभिबृद्धि गरि बाल केन्द्रित कार्य गर्न आवश्यक देखिएको छ। आजको बालबालिका भोलीको नेपाल हाक्ने नागरिक हुन। यिनीहरु परिवर्तनको संवाहक पनी हुन । समृद्ध नेपाल हुन बालबालिका समृद्ध हुनु पर्दछ र सुखि नेपाली हुन बालबालिका सुखि हुनु पर्दछ । यसै बिषयलाई हृदयंगम गर्दै सरकारसँग सहकार्य गर्दै बालबालिकालाई संरक्षित र सुरक्षित बनाउने बातावरण तयारी गर्नु पनी नागरिक समाजको नै हो ।

अन्तर्राष्ट्रिय महासन्धिको रुपमा रहेको बालअधिकार महासन्धीले बालबालिकाको संरक्षण र सम्बर्द्धन गर्दै यसले बिशेष गरि बाल बचाउ, बाल संरक्षण, बाल विकाश र बाल सहभागिताको अधिकार सुनिश्चित गरेको छ । संयुक्त राष्ट्र संघको वार्षिक महासभाबाट सन् १९८९ नोभेम्बर २० मा पारित बाल अधिकार महासन्धिलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेको थियो । तात्कालिन समयको उक्त सेप्टेम्बर १४ तारिक विक्रम संबतको रुपमा भाद्र २९ गते परेकोले लोकतन्त्र आए पछिको पहिलो गणतान्त्रिक सरकारको मन्त्री परिषदको निर्णय बमोजिम यस अघि भाद्र ४ गते मनाउँदै आएको राष्ट्रिय बाल दिवस तात्कालिन समय देखि हरेक बर्षको भाद्र २९ गते मनाउन थालिएको राष्ट्रिय बाल दिवसको ऐतिहासिक पृष्टभुमी रहेको पाईन्छ।

बालबालिकाले उनिहरुको आधारभुत आबश्यकता प्राप्त गरेको भन्नु नै बाल अधिकारको प्रत्याभुत भएको मान्ने गरिएको छ । बालबालिकाले आफ्नो शारीरिक बिकास, मानसिक बिकास, बौद्धिक बिकास र संवेगात्मक बिकासको लागि नभई नहुने आधारभुत आवश्यकताको उपभोग गर्नु पनि बाल अधिकार हो। बालबालिकालाई स्वास्थ्य, शिक्षा, मनोरन्जन, खेलकुद, ब्यक्तीत्व बिकास, माया, ममता, आफ्नो बिचार र भावनाको अभिब्यक्ति तथा जोखिमबाट सुरक्षा पाउने हक हुनेछ । उनिहरुलाई कुनै पनी किसिमको हिंसा, दुर्ब्यबहार, भेदभाव, शोषण, भएको अबस्थामा बाल अनुकुल न्याय पाउने अधिकार छ । खासगरि उनिहरुलाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बैद्धिक बिकाशमा नकारात्मक असर पार्ने किसिमका गतीविधीहरुबाट जोगाउनु पर्दछ । बाल संरक्षण ब्यवस्थित हुनु भनेको कुनै पनी अबस्थामा रहेका हरेक बालबालिकालाई हुन सक्ने जुनसुकै खतरा वा जोखिमबाट जोगाउनु भन्ने हो। बालबालिका रहने स्थान, परिवेश वा कार्यक्रम बाल संरक्षणको दृष्टिकोणले सुरक्षित र संरक्षित बनाईएको यकिन गरिनु पर्दछ। बाल संरक्षणका लागि परिवार, समुदाय र तिनै तहको सरकार तहगत रुपमा जिम्मेवार हुन्छन् ।

सरकारले बालबालिका सम्बन्धी ऐन २०७५ मा ब्यवस्था भए बमोजिम ७५३ पालिकामा बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कानुन निर्माण, बालकोषको स्थापना, स्थानीय बाल अधिकार समितीको गठन, बाल कल्याण अधिकारीको नियुक्ती, समाजसेवी र बाल मनोविज्ञको सुचिकरण तथा परिचालन साथै बाल संरक्षण मापदण्डको निर्माण र कार्यान्वियन गर्न आवश्यक देखिन्छ। कुल पालिका मध्ये आधा भन्दा केहि बढि पालिकाहरुमा मात्र यो ब्यवस्था कार्यान्वयनमा आएको पाईन्छ । स्पष्ट छ, यदि बाल संरक्षण प्रणालीको सुदृढिकरण हुन सकेन भने बाल संरक्षण लगायत बाल अधिकारका सबै पाटाहरु ओझेलमा पर्ने निश्चित हुने भएकोले सबै पालिकामा बाल संरक्षण प्रणाली स्थापित हुन आवश्यक छ ।

नेपाललाई सडक बालबालिका मुक्त बनाउने अभियानमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद र नागरिक समाज संस्था एवम संजालहरु जुटेका छन् । अभियानलाई परिणाममुखी बनाउन सरकार, नागरिक समाज संस्थाहरु र सरोकारवालाहरुबिच समन्वय र सहकार्य भईरहेको अवस्था छ । "सम्बत् २०८२ सालको असार मसान्तसम्म नेपाललाई सडक बालबालिकामुक्त बनाउने" भनी नेपाल सरकार मन्त्रीपरिषदले मिती २०८१ असार ३१ गतेका दिन गरिएको निर्णयलाई मुर्तरुप दिन परिषद र नागरिक समाज संस्था कृयाशिल भईरहेका हुन् । नेपाल सरकारको चालु आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको नम्बर १३८ मा स्पष्टरुपमा अनाथ, असहाय, टुहुरा, अपांगता भएका ब्यक्ति, असक्त, बेवारिसे, हिंसा पीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि प्रदेश तथा स्थानीय तहमा आपत्कालीन बाल उद्धार कोषको ब्यवस्था गरिनेछ । सडक मानवको उद्धार, संरक्षण र पुनःस्थापनामा संलग्न संघ संस्थासँग समन्वय र सहकार्य गरी संबत् २०८२ सम्ममा नेपाललाई मानव मुक्त बनाईने छ भनी उल्लेख गरिएको छ। सरकारको समेत प्राथमिकतामा परेकोले बाल संरक्षणको लागी लगानी अभिबृद्धि गर्दै बालश्रम, बालबिबाह र बालबालिकाको बिद्यालय छोडने दर अन्त्य गर्दै सडक बालबालिका मुक्त समृद्ध नेपाल बनाउन तिनै तहको सरकार र नागरिक समाज सञ्जालबिच कार्यगत एकता हुन आवश्यक देखिन्छ। सडक बालबालिकामुक्त नेपाल बनाउन अर्थात घोषणाको तहसम्म पुऱ्याउनु भन्दा पहिले यसको दिगोपनाको लागी कार्यक्रम, कार्ययोजना, रणनैतिक योजना, प्रकृयागत चरण र सुचकहरुको आधारमा सात वटै प्रदेशबाट कार्यको थालनी गर्न आवश्यक देखिन्छ। प्रदेशको बालअधिकार समितीले प्रदेश भित्र रहेको स्थानिय पालिकाहरुसँग सहकार्य गरि आवश्यक प्रकृया अघि बढाउने ब्यवस्था मिलाउन समेत अबश्यक देखिन्छ ।

बालबालिकामा खर्च होईन लगानी गर्नु पर्दछ भन्ने बारेमा सचेत हुने बेला आएको छ । राज्यको तिनै तहमा बालबालिकाको क्षेत्रमा लगानि गर्ने लगानी योजना हुनु पर्दछ। नेपालकै बाल अधिकार आन्दोलनका प्रणेता आदरणीय श्री गौरी प्रधान ज्यु द्वारा प्रतिपादित 'बालबालिका राष्ट्रिय गौरव हुन' बिषयका दृष्टिकोण र आधारहरु प्रत्येक समुदायमा रहेका बिषेश गरि स्थानीय सरकार, ब्यवसायी र नागरिक समाजले बिश्लेषण गरि औचित्यको आधारमा अपनत्व गर्न पर्ने समय आएको छ । बालबालिकामा लगानीको अपरिहार्यताको महत्व दर्शाउने गरि नयाँ सोँच र चिन्तनका साथ प्रतिपादित यस अभियानको सबै नागरीक सञ्जालले अपनत्व गरि पैरवी समेत गरिरहेको परिप्रेक्षमा सरकारले अपनत्व लिएर कार्य सम्पादन गर्न सक्यो भने नेपाल सरकार बालमैत्री सरकारको रुपमा स्थापित हुनेछ। नेपालका नागरिक समाज संजाल र यसमा आबद्ध समुदायमा आधारीत संस्थाहरु सरकारसँग नेपाललाई बालमैत्री बनाउन 'बालबालिका राष्ट्रिय गौरव हुन' भन्ने अभियानलाई आत्मसाथ गर्दै बालबालिकामा लगानी सुनिश्चित गर्न आग्रह गरिरहेका छन्।

प्रत्येक नागरिकहरु बिच बालबालिका किन राष्ट्रिय गौरबका बिषय हुन् ? भन्ने बिषयमा ब्यापक छलफल र परिचर्चा गर्दै निश्कर्ष निकाल्न पर्ने बेला आएको छ । नागरिक समाज अहिलेको २१ औं शताब्दिमा पनी बालश्रम शोषण, बिभेद, यौन शोषण, मानव बेचबिखन, अपांगता एवम् यौनिक तथा लैगिंक अल्पसंख्यकको अधिकार स्थापित गर्न, दलित र सिमाान्तकृत समुदायमा देखिएको अन्याय र अत्याचारका बिरुद्धमा संघर्षरत छन् । बिकास गर्दा बालबालिकालाई केन्द्र बिन्दुमा राख्ने सोँचको कमी र मानविय बिकास पनी बिकासको एउटा पाटो हो भन्ने सत्यलाई अँगाल्न नसक्दा हामी दिगो बिकास र समृद्धिमा पछाडि परेको यर्थाथलाई स्विकार गर्न सक्नु पर्दछ । नेपालको १५ औं योजनाले बालबालिकाको क्षेत्रमा आशा गरिए जती उपलब्धि हासिल गर्न नसेको पुष्टि राष्ट्रिय योजना आयोगको प्रतिवेदनबाट नै सार्वजनिक भएको छ । यदि बालबालिकाको क्षेत्रमा लगानी बढाईएन भने हाल संचालित १६ औं आवधिक योजना पनी लक्ष्य पुरा गर्न नसक्दै सकिन्छ भन्नेमा प्रबुद्धवर्गको चिन्ता र चासो रहेको छ। नेपालका अहिलेसम्म बनेका सबै लोकतान्त्रीक सरकारप्रती बितृष्णा जाग्नुको मुल कारण बालबालिकालाई गुणस्तरीय अनिवार्य शिक्षा प्रदान गर्न नसक्नु, युवाहरुलाई सक्षम सबल र उत्पादनशील रोजगारिमा स्थापित गर्न नसक्नु, यौनिक तथा लैगिंक अल्पसंख्यक र अपागंता भएका ब्यक्तिहरुको मर्म पिडालाई बेबास्ता गर्नु, महिलाहरुमा रहेको विधमान सीप र क्षमतालाई उद्यमशिलतामा रुपान्तरण गर्न नसक्नु, महिला, दलित, सिमान्तकृत र अप्ठ्यारोमा परेका जनसमुदाय माथिको बिभेद, शोषण र अन्यायपूर्ण असमान शक्ति संरचना निर्मुल गर्न नसक्नु हो भन्ने आम धारणा रहेको देखिन्छ । यसको निम्ती वर्तमान लोकतान्त्रिक सरकारले बालबालिकालाई राष्ट्रिय गौरवको रुपमा मान्यता दिई सोहि अनुरुप तिनै तहको सरकारले बालबालिकाको शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी गर्नु पर्दछ। गुणस्तरीय, निशुल्क, सार्वजनिक शिक्षा संभव छ भन्ने मुलमर्मको आधारमा कार्ययोजना बनाई लागु गर्न सक्नु पर्दछ। युवालाई देशमै रोक्ने बातावरण सिर्जना गर्दै ति युवाहरुलाई बालबालिको शिक्षा, सामाजिकिकरण र संस्कार निर्माण गर्ने कार्यको जिम्मेवारी दिईनु पर्दछ भन्ने नागरिक समाजको धारणा रहेको पाईन्छ । बालबालिकामा लगानी बढाउन अन्तरमन्त्रालय बिचको सहकार्य आवश्यक देखिन्छ। यहि मर्म र भावना अनुरुप प्रदेश सरकारले र स्थानीय सरकारले समेत लगानी योजना बनाउँदै कार्यको थालनी गर्दै बालबालिकाको भविष्य सुनिश्चि गर्न पर्ने टडकारो अवश्यकता देखिएको छ ।

बालबालिकामा लगानी अभिबृद्धि गर्ने उद्धेश्यले तयार पारिएको अवधारणाको रुपमा रहेको "बालबालिका राष्ट्रिय गौरव हुन" बिषयका दृष्टिकोण र आधारहरु प्रत्येक समुदायमा रहेका बिषेश गरि स्थानीय सरकार, ब्यवसायी, पत्रकार र नागरिक समाजले बिष्लेशण गरि औचित्यको आधारमा अपनत्व गर्न पर्ने समय आएको छ। बास्तवमा बालअधिकारको सुनिश्चित हुनु नै देश बिकाश हुनु हो भनेर भन्न सकिन्छ । यस अवसरमा सबैलाई लाई बालअधिकारको संरक्षण र सम्बर्धन कार्यमा सरिक हुँदै "बालबालिका राष्ट्रिय गौरव हुन" बिषयमा बहस चलाउन सबैमा बालअधिकारकर्मीको नाताले हार्दिक आग्रह समेत गर्न चाहन्छु । घन्यबाद

*pkhatiwadanp@gmail.com*
*(अध्यक्ष, बाल कल्याण समाज मकवानपुर/लैंगिक समानताका लागि पुरुष सहभागिता सञ्जाल, बागमती प्रदेश)*

# समाजले महिलामा सिर्जना गरेको भ्रम



**बिधिशा मिश्र**

हाम्रो समाजमा महिलाहरूको भूमिका र उनीहरुको अस्तित्वको परिभाषा एक जटिल र विवादास्पद विषय रहँदै आएको छ । समाजले महिलाहरुलाई विभिन्न भ्रमहरूको जालोमा बाँधेर राखेको छ, जसले उनीहरुको व्यक्तिगत विकास, आत्मसम्मान र समग्र जीवनमा गहिरो प्रभाव पारेको छ। यी भ्रमहरु यति गहिरो गरी जरा गाडेर बसेका छन् कि धेरै महिलाहरु आफैं पनि यी भ्रमहरुलाई आफ्नो पहिचानको अभिन्न अंग मान्न पुगेका छन् ।

सुरुवातमै, हामी बाह्य सौन्दर्यको भ्रमलाई हेरौं । समाजले महिलाहरुलाई एक विशेष प्रकारको सौन्दर्यको मापदण्डमा फिट हुनुपर्ने दबाब दिएको छ । लामो कपाल, गोरो छाला, पातलो शरीर-यी सबै 'आदर्श' महिलाको परिभाषा बनेका छन् । यो मापदण्ड पूरा गर्न महिलाहरूले आफ्नो शरीरलाई विभिन्न प्रकारका यातना दिनुपर्ने हुन्छ ।

उदाहरणका लागि, वाक्सिङ जस्ता पीडादायी प्रक्रियाहरु गर्नुपर्ने वा अप्ठ्यारा र पीडादायी हिल जुत्ता लगाउनुपर्ने बाध्यता। यो भ्रमले महिलाहरूलाई आफ्नो प्राकृतिक सौन्दर्यलाई स्वीकार गर्न र आत्मविश्वासका साथ जीवन बिताउन कठिन बनाइदिएको छ।

यो बाह्य सौन्दर्यको भ्रम सीधै पोशाक र शृंगारको भ्रमसँग जोडिएको छ। समाजले महिलाहरूलाई विशेष प्रकारका लुगा लगाउन, गहनाहरु धारण गर्न र मेकअप गर्न प्रोत्साहित गर्छ। घाँटीमा पोते, हातमा चुरा, निधारमा टीका - यी सबै 'संस्कारी' महिलाको पहिचान बनेका छन् । तर के यी बाह्य चिह्नहरुले साँच्चै नै कुनै महिलाको चरित्र वा व्यक्तित्वलाई परिभाषित गर्न सक्छन् ? यो प्रश्न हामी सबैले गम्भीरतापूर्वक सोच्नुपर्ने बेला आएको छ ।

पोशाक र शृंगारको भ्रमसँगै रङ्गको भ्रम पनि जोडिएर आउँछ । समाजले महिलाहरुलाई केही विशेष रङ्गहरुमा मात्र

...बाँकी पृष्ठ ३ मा

# अख्तियारले दायर गर्‍यो सम्पत्ति शुद्धीकरणको पहिलो मुद्दा

काठमाडौंः अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार गरेर गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा दुई जनाविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा चलाएको छ । चैत २०८० मा पारित भएको सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्) निवारण ऐन, २०६४ को संशोधनले अरु कुनै कसुरसँग जोडिएर सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर भएमा त्यस्तो कसुर हेर्ने कार्यालयले नै अनुसन्धान गर्न सक्ने व्यवस्था गरेको थियो।

सोही कानुनी व्यवस्थापछि अख्तियारले लुम्बिनी विकास कोषका इन्जिनियर सरोज भट्टराईले घुसबापतको रकमबाट आफ्नो आमाको नाममा जग्गा किनेको विषयमा अख्तियारले सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गरेको हो । अख्तियारले घुसबापत जग्गा नै जोडेको आरोपमा सरोज र उनकी आमा जनक नन्दिनी भट्टराईलाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेले भ्रष्टाचारबाट आर्जित सम्पत्तिबारे सम्पत्ति शुद्धीकरणको अभियोगमा अनुसन्धान र मुद्दा दायर गरेको अख्तियारको यो पहिलो घटना भएको बताए । 'यसअघि पनि भ्रष्टाचारको कसुरमा अख्तियारले मुद्दा दायर गरेपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सम्पत्ति शुद्धीकरणको अभियोगमा मुद्दा दायर गर्ने अभ्यास थियो', घिमिरेले भने, 'सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित कानुन संशोधनपछि अख्तियार आफैंले अनुसन्धान गरेर मुद्दा दायर गरेको यो पहिलो घटना हो ।'

नेपालको संविधानको धारा २३९ मा भएको व्यवस्था हेर्ने हो भने, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई 'सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेमा कानुन बमोजिम अनुसन्धान गर्ने' अधिकार छ । संविधानले अख्तियारलाई भ्रष्टाचारबाहेकका अरु कसुरका विषयमा अनुसन्धान गर्ने अधिकार दिएको छैन । तर, सम्पत्ति शुद्धीकरण निवारण ऐनको दफा १५ मा 'कुनै कसुरमा अनुसन्धानमा परेको व्यक्तिले सम्पत्ति शुद्धीकरणसमेत गरेमा त्यही निकायले समेत अपराध गरेर सम्पत्ति जोडेको (सम्पत्ति शुद्धीकरण) मा अनुसन्धान गर्न पाउने' उल्लेख छ ।

यसअघि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मात्रै अपराधबाट आर्जित सम्पत्ति र त्यसको व्यवस्थापनको अनुसन्धान गर्थ्यो । सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनको संशोधन भएपछि अख्तियारले घुसबापत जग्गा लिएर भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर भएका दुई व्यक्तिलाई सम्पत्ति शुद्धीकरणको अभियोगमा समेत मुद्दा चलाएको हो ।

### जग्गा नै घुस

बाबुल निर्माण सेवाले लुम्बिनी विकास कोषबाट पछिल्लो छ वर्षमा करिब एक अर्ब २२ करोड रुपैयाँको कामको ठेक्का पाएको थियो । लुम्बिनी विकास कोषका तत्कालीन योजना प्रमुख एवम् इन्जिनियर सरोज भट्टराईले आमा जनक नन्दनी भट्टराईको नाममा २ रोपनी ११ आना जग्गा किनेका थिए ।

अनुसन्धान हुँदा नन्दनीलाई जग्गा बेच्ने व्यापारीलाई बाबुल निर्माण सेवाका सञ्चालकहरुले सोझै रकम भुक्तानी गरेको भेटिएको अख्तियारको भनाइ छ । जग्गामा लगानी गरी सम्पत्तिको गैरकानुनी स्रोत लुकाएको आरोपमा अख्तियारले सरोज र उनकी आमाविरुद्ध मुद्दा दायर गरेको हो । अख्तियारले उनीहरुमाथि एक करोड ८५ लाख रुपैयाँ गैरकानुनीरुपमा व्यवस्थापन गरेको आरोप लगाएको छ ।

अख्तियारले सरोज र उनकी आमालाई गत चैतमा घुस लिएको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । विशेष अदालतले इन्जिनियर भट्टराईलाई दोषी ठहर गर्दै ६ वर्ष कैद र ८० लाख रुपैयाँ जरिवानाको फैसला गरेको छ । उनकी आमाले भने सफाइ पाइन् तर उनको नाममा किनिएको जग्गा भने जफत हुने फैसला गरेको थियो ।

अख्तियारले इन्जिनियर भट्टराईबाहेक अरु केही भ्रष्टाचारका घटनामा सम्पत्ति शुद्धीकरणको अभियोगमा पनि अनुसन्धान गरिरहेको छ । उसले विशेष अदालतमा पेश गरेको निर्णयमा सुनिल पौडेल र विकल पौडेललगायतमाथि सम्पत्ति शुद्धीकरणको पाटोमा समेत अनुसन्धान भइरहेको उल्लेख गरेको छ । *(स्रोतः अनलाइनखबर)*

# मोरङमा भेटियो सहकारी ठगीको नयाँ शैली

विराटनगरः मोरङको एक सहकारी संस्थामा ठगीको नयाँ शैली फेला परेको छ । सहकारीका अध्यक्षले आफ्नै सदस्यदेखि सञ्चालकलाई समेत ठगेका हुन् ।

धनपालनाथ गाउँपालिका-४, कर्सिया बजारमा रहेको उमा गौरी कृषि सहकारी संस्थाको ठगी प्रकरणमा स्वयम् अध्यक्ष शम्भुप्रसाद रौनियार संलग्न भएका हुन् । २०६८ सालमा स्थापना भएको यो सहकारी अहिले संकटग्रस्त छ । १८ करोड रुपैयाँ कुल पुँजी रहेको सहकारीबाट करिब १२ करोड रुपैयाँ हिनामिना भएको छ ।

रौनियार अध्यक्ष रहेको सहकारीले सदस्यको जग्गा धरौटी राखेर सहकारीको नाममा विभिन्न बैंकबाट ११ करोड ५६ लाख ७८ हजार रुपैयाँ ऋण लिएको थियो । बैंकबाट ऋण लिँदा उनले संस्थाका सञ्चालकदेखि सहकारीको ऋण माग्ने साधारण सदस्यको जग्गा बैंकमा धितो राखेर छुट्टै ऋण निकालेको देखिन्छ ।

२०७४ सालमा सञ्चालक सदस्य रोशन राजवंशीको घरजग्गा राखेर रौनियारले माछापुछ्रे बैंकबाट ८५ लाख ऋण निकालेका थिए । उनीसँगै अर्का सदस्यका पनि जग्गा राखेर ऋण निकालेका थिए ।

रौनियारबाट ठगिएका राजवंशीले अहिले सहकारी छाडेका छन् र जग्गा फिर्ताका लागि अध्यक्षलाई आग्रह गरिरहेका छन् । 'सहकारी सञ्चालनका लागि त्यसबेला जग्गा राखेर ऋण निकालेको थियो, तर अध्यक्षले आफ्खुसी गर्नुभयो,' उनले भने, 'अंशबण्डा गर्नुपर्ने बैंकमा धनीपुर्जा छ, फिर्ता माग्दा फिर्ता भएको छैन ।'

सो सहकारीले फिर्ता गर्नुपर्ने बचत २ करोड ३ लाख ५४ हजार १५६ रुपैयाँ छ । बचतकर्ताले बचत फिर्ता मागेपछि अध्यक्ष रौनियारले सहकारीको कार्यालय बन्द गरेर हिँडेका छन् । १८ करोड ४९ लाख कुल पुँजी रहेको वासलातमा १७ करोड ८७ लाख ४२ हजार कर्जा तथा सापट लगानी रहेको देखाइएको छ ।

सहकारीबाट ठगिएकाहरु न्याय मार्दै प्रदेश सहकारी रजिस्टार तथा प्रशिक्षण कार्यालयमा पुगेका छन् । कार्यालयका प्रमुख हरिबहादुर खत्रीका अनुसार उमा गौरीमा भएको अनियमितता अन्य सहकारीको भन्दा फरक छ । सदस्यहरुलाई दोहोरो ऋणी बनाइएको छ ।

**१० वर्षको सञ्चालक समितिको विवरण र कागजात छैन । सोही अवधिमा सांसद पोखरेलकी श्रीमती सहकारीको सञ्चालक थिइन् ।**

'यो सहकारीको ठगी नयाँ खालको छ, सहकारीमा ऋण माग्न पुगेका सदस्यहरुको सम्पत्ति बैंकमा राखेर ऋण निकालेको देखिन्छ,' खत्रीले भने, 'ऋणीले संस्थामा ऋण बुझाए, संस्थाले बैंकमा नबुझाएको देखिन्छ ।' फरक खालको ठगीको विषयमा उजुरी आएपछि छानबिनका लागि प्रहरीलाई लेखेर पठाएको उनले बताए ।

यो प्रकरणमा एमाले सांसद ऋषिकेश पोखरेलकी पत्नी अन्जला कोइराला जोडिन पुगेकी छिन् । मोरङ २ का एमाले सांसद पोखरेलकी श्रीमती अन्जला त्यस समयमा सञ्चालक समितिमा थिइन् ।

प्रदेश सहकारी रजिष्टार तथा प्रशिक्षण कार्यालयमा भएको रेकर्डमा उमा गौरी कृषि सहकारी संस्था लिमिटेडको सञ्चालक समितिको डकुमेन्ट नै गायब छ । रजिष्ट्रार खत्रीका अनुसार २०६८ सालमा सहकारीको तदर्थ समितिको डकुमेन्टपछि २०७८ सालको सञ्चालक समितिको डकुमेन्टमात्रै कार्यालयमा उपलब्ध छ ।

१० वर्षको सञ्चालक समितिको विवरण र कागजात छैन । सोही अवधिमा सांसद पोखरेलकी श्रीमती सहकारीको सञ्चालक थिइन् । उनी सञ्चालक सदस्य रहेकै अवधिमा सहकारीले सदस्यको धितो बैंकमा राखेर सहकारीले ऋण निकालेको छ । 'यो सहकारीको कार्यालय खुल्दैन, कार्यालयमा कागजपत्र पनि भेटिँदैन, सबै डकुमेन्ट अध्यक्षले साथमा राखेको देखिन्छ', खत्री भन्छन्- 'हाम्रो कार्यालयमा पनि नियमित विवरण बुझाएको छैन ।'

सहकारीले अन्य बैंकबाट लिएको ऋण नतिरेका कारण अरु सञ्चालकजस्तै अन्जला पनि कालोसूचीमा छिन् । सहकारीकै कारण आफू कालोसूचीमा परेको अन्जलाले बताइन् । 'त्यसबेला राम्रो उद्देश्यले खोलेको भनेपछि सदस्य बसेको थिएँ, तर बैठकहरुमा सहभागी हुन पाइनँ, अध्यक्षले आफ्नो मनखुसी गरेका छन्', उनले भनिन्- 'सहकारी ऐनले रोकेपछि मैरो राजीनामा दिएको थिएँ, तर स्वीकृत नगरी मेरो नक्कली हस्ताक्षर गरेछन्, पछि अडिटरले देखाएपछि मात्रै थाहा भयो ।'

शिक्षण पेशामा आबद्ध अन्जलाको हस्ताक्षर प्रयोग भए पनि निर्णयमा अरु नै हावी हुने गरेको स्रोत बताउँछ । सांसद पोखरेलले पनि सहकारीका कियाकलापमा रुचि देखाउने गरेको स्रोतको दावी छ । पोखरेल र रौनियारसँग निकट रहेको स्रोतले भन्यो, 'सहकारी डुबेपछि उहाँहरुको सम्बन्धमा खटपट छ, रौनियार सार्वजनिक स्थानमा देखिँदैनन् ।'

अन्जलाका अनुसार २०७५ सालमा जारी भएको सहकारी नियमावलीले सञ्चालक बस्न रोकेपछि उनले राजीनामा दिएकी हुन् । तर उनको राजीनामा स्वीकृत भएन । २०७८ सालसम्म नक्कली हस्ताक्षर प्रयोग गरेको उनले बताइन् । अडिटरले भनेपछि प्रश्न गर्दामात्रै आफ्नो राजीनामा २०७८ मा स्वीकृत भएको उनले बताइन् ।

बचतकर्ता र ऋणीलाई ठगी गरेको उमा गौरीका कृषि सहकारी संस्थाका जोडिएका सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेल श्रीमती सञ्चालक रहेको आफूलाई जानकारी नभएको बताउँछन् ।

उनले आफ्नी श्रीमतीलाई भ्रुक्याइएको बताए । 'मेरो मेडमलाई उनले (शम्भु रौनियारले) सदस्य बनाएका रहेछन्, पछि थाहा पाएँ,' उनले भने, 'सहकारी पीडितमध्ये एउटा म पीडित हो, पाँच वर्ष भयो छाडेको, स्कूल पढाइरहेको मान्छेलाई उनले भाउजू बस्दा सजिलो हुन्छ भन्दै सही गराए र भुक्याए, अहिले म आफैं पीडित भएको छु ।'

सांसद पोखरेलले रौनियारबाट ठगिएपछि प्रहरीमा जाहेरी पनि दिएको उनले बताए । सहकारी संस्थाका अध्यक्ष शम्भु रौनियारले सरकारीको समस्या समाधान गर्ने प्रयास भइरहेको बताए । सहकारीले लगानी गरेको ऋण नउठेका कारण समस्या भएको बताउँदै उनले बाहिर हल्ला भएजस्तो समस्या नभएको दावी गरे । एक कार्यकाल सञ्चालक सदस्य रहेकी अन्जली कोइरालाले राजीनामा दिइसकेको उनको भनाइ छ ।

*(स्रोतः अनलाइनखबर)*

# 'इकु'विरुद्ध ४ जनाको जाहेरी, मानव बेचबिखनमा पनि अनुसन्धान

काठमाडौंः हास्य कलाकार सुलेमान शंकर (इकु) लाई पक्राउ गरेर नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले अनुसन्धान गरिरहेको छ । उनको बैंक खातामा शंकास्पद कारोबार देखिएपछि नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाई (एफआईयु) ले दुई साताअघि सीआईबीलाई जानकारी गराएको थियो ।

मंगलबार पक्राउ गरेर अनुसन्धान गर्दा इकुले गैरकलाकारलाई कलाकारका रुपमा विदेश लैजाने गरेको खुलेको सीआईबीका अधिकारीहरु बताउँछन् । तीमध्ये कतिपयसँग पैसा लिएर पनि नपठाएको पाइएको र त्यस्ता व्यक्तिहरुले जाहेरी दिएको सीआईबीका प्रवक्ता एसपी होविन्द्र बोगटीले जानकारी दिए ।

ललितपुरको धापाखेल घर भएका ४० वर्षीय इकुलाई प्रहरीले बूढानीलकण्ठबाट पक्राउ गरेको थियो । विदेशमा हुने सांस्कृतिक कार्यक्रमहरुमा सर्वसाधारणलाई कलाकारका रुपमा क्यानडा, अष्ट्रेलिया तथा युरोपका विभिन्न देशहरुमा लैजाने भन्दै रकम लिएको र कतिपयलाई नपठाएको पाइएको सीआईबीका अधिकारीहरुको भनाइ छ ।

इकुलाई ठगीको कसुरमा अनुसन्धानका लागि ७ दिन हिरासतमा राख्न काठमाडौं जिल्ला अदालतबाट अनुमति लिएको छ । सीआईबीका निर्देशक तथा एआईजी दीपक थापाका अनुसार अहिले पनि इकुको खातामा ६० लाख रुपैयाँ बढी रकम भेटिएको छ । 'इकुको खातामा ६० लाख रकम भेटिएको छ । करोडभन्दा बढी रकम निरन्तर ट्रान्जेक्सन भएको विवरण राष्ट्र बैंकले पठाएको छ', एआईजी थापाले भने, 'यी रकम विदेश पठाउने भन्दै ठगी गरेको पाइएको छ ।'

इकुले एसएमएस फिल्म प्रालि नामक कम्पनीमार्फत् युरोपका विभिन्न देशहरुमा सांस्कृतिक कार्यक्रमको सूची देखाउने र त्यहाँ लगिदिने भन्दै सर्वसाधारणसँग रकम लिएको पाइएको सीआईबीका एसपी प्रवक्ता होबिन्द्र बोगटीले बताए । उनले कार्यक्रम नभएको ठाउँमा कार्यक्रम भएको छ भनेर पनि रकम लिएको पाइएको सीआईबीको भनाइ छ ।

### चार जनाको जाहेरी

इकुविरुद्ध अहिलेसम्म चार जनाले सीआईबीमा जाहेरी दिएका छन् । जसमा दुई जनाले समान साढे २ लाख रुपैयाँ ठगी गरेको दाबी गरेका छन् । एक जनाले ४ लाख र अर्का एक जनाले ९ लाख रुपैयाँ ठगी भएको दाबी गरेका छन् ।

अन्य चार जनाले भने फोन गरेर आफूहरु पनि ठगिएको जानकारी गराएको तर जाहेरी दिन नआएको प्रवक्ता बोगटीले बताए । 'अन्य कोही व्यक्ति पनि ठगिएको भए जाहेरी दिन भनेका छौं', उनले भने ।

### मानव बेचबिखनमा पनि अनुसन्धान

ठगीमात्रै नभएर मानव बेचबिखन पनि हुनसक्ने भन्दै प्रहरीले अनुसन्धान गरिरहेको छ । गैरकलाकारलाई कलाकार बनाएर मानव बेचबिखन तथा ओसार पसारको कसुर गरेको हुनसक्ने आशंकामा पनि अनुसन्धान अघि बढाइएको सीआईबीको भनाइ छ ।

दुई जना गैरकलाकारलाई २८ लाख रुपैयाँ लिएर कलाकार भन्दै युरोप पठाएको खुलेको सीआईबी स्रोतले बतायो । '२८ लाख रुपैयाँ लिएर गोरखा घर भएका दुई जनालाई कलाकार बनाएर युरोप पठाएको पाइएको छ । यस विषयमा पनि अनुसन्धान गर्दैछौं', सीआईबीका एक अनुसन्धान अधिकृतले भने ।

दुवै जना युरोप पुगिसकेकाले जाहेरी पर्ने अवस्था छैन । मानव बेचबिखनको कसुरमा पीडितबिना मुद्दा चल्न सक्ने अवस्था नभएकाले मानव बेचबिखनको कसुर स्थापित गर्न सीआईबीलाई गाह्रो पर्ने देखिन्छ ।

इकुले विदेश जाने आवेदन दिन चाहिने कागजातहरुसमेत कीर्ते गरेको प्रमाण सीआईबीले भेटेको छ । गैरकलाकारलाई कलाकार भनेर बनाइएको कागजात, नक्कली बैंक स्टेटमेन्ट, विभिन्न अनुभव तथा तालिमका पत्रहरुसमेत नक्कली बनाउने गरेको पाइएको एसपी बोगटीले बताए । उनले नक्कली भिसा र टिकटसमेत देखाउने गरेको पाइएको सीआईबीको भनाइ छ । *(स्रोतः अनलाइनखबर)*

## समाजले महिलामा...

सीमित गर्ने प्रयास गरेको छ । रातो र गुलाबी रङ्गलाई 'महिलाको रङ्ग' भनेर चित्रण गरिन्छ, जबकि अन्य रङ्गहरु, विशेषगरी गाढा रङ्गहरू, पुरुषहरूका लागि छुट्याइएका छन् ।

यो भेदभावपूर्ण दृष्टिकोणले महिलाहरुको व्यक्तिगत रुचि र स्वतन्त्रतालाई कुण्ठित गर्छ । अझ दुःखद् कुरा त के छ भने विधवा महिलाहरुलाई रङ्गीन लुगा लगाउन निषेध गरिन्छ, मानौं उनीहरुको खुशी र जीवन्तता उनीहरुका पतिसँगै समाप्त भएको छ ।

यी बाह्य भ्रमहरुबाट अझ गहिराइमा जाँदा, हामी महिलाको भूमिका र जिम्मेवारीको भ्रमसँग जुध्नुपर्छ । समाजले महिलालाई मुख्यतया घरको काम र पारिवारिक जिम्मेवारीमा सीमित राख्ने प्रयास गरेको छ । घर सम्हाल्ने, खाना पकाउने, बच्चा हुर्काउने - यी सबै 'महिलाको काम' भनेर परिभाषित गरिएका छन् ।

यो सोचले महिलाहरुलाई व्यावसायिक र सामाजिक अवसरहरुबाट वञ्चित गर्छ, उनीहरुको व्यक्तिगत विकास र आर्थिक स्वतन्त्रतालाई कुण्ठित गर्छ । यो पितृसत्तात्मक सोचले महिलाहरुलाई घरको चार दिवारभित्र सीमित राख्न खोज्छ, जबकि बाहिरको संसार पुरुषहरुको लागि मात्र हो भन्ने भ्रम फैलाउँछ ।

यो भूमिकाको भ्रमसँग जोडिएर आउँछ शिक्षा र आर्थिक स्वतन्त्रताको भ्रम । एकातिर हाम्रो समाजले सरस्वतीलाई विद्याकी देवी र लक्ष्मीलाई धनकी देवीको रुपमा पूजा गर्छ । तर अर्कोतिर, यही समाजले महिलाहरूलाई शिक्षा र आर्थिक स्वतन्त्रताबाट वञ्चित गर्ने प्रयास गर्छ । छोरीहरुलाई स्कूल पठाउन अनिच्छा देखाउने, उच्च शिक्षाको लागि विदेश पठाउन नचाहने र पैतृक सम्पत्तिमा अधिकार नदिने प्रवृत्ति यसैको परिणाम हो । यो विरोधाभासपूर्ण स्थितिले महिलाहरुको शैक्षिक र आर्थिक विकासमा ठूलो बाधा सिर्जना गर्छ ।

हामी 'संस्कारी महिला'को भ्रमलाई हेरौं । समाजले एक विशेष प्रकारको महिलालाई मात्र 'संस्कारी' वा 'आदर्श' मान्छ- जो चुपचाप सहन्छिन्, प्रश्न गर्दिनन् र समाजका सबै नियमहरूलाई निर्विवाद स्वीकार गर्छिन् । परिवारको लागि भोकै बस्ने, पतिको गोडाको पानी पिएर व्रत तोड्ने र सबै प्रकारका शोषण र दमन सहेर बस्ने महिलालाई 'आदर्श' मानिन्छ । यो भ्रमले महिलाहरुको स्वतन्त्र सोच, आत्मसम्मान र व्यक्तिगत विकासलाई कुण्ठित गर्छ ।

यी सबै भ्रमहरु एकअर्कासँग गहिरो रुपमा जोडिएका छन् र एक जटिल जाल बनेका छन् जसले महिलाहरुलाई चौतर्फी रुपमा बाँधेर राखेको छ । यो जाललाई तोड्न र महिलाहरुलाई वास्तविक स्वतन्त्रता दिन समाजमा व्यापक परिवर्तन र चेतनाको आवश्यकता छ । यसका लागि केवल कानुनी सुधार मात्र पर्याप्त छैन, बरु हाम्रो सामूहिक मानसिकतामा परिवर्तन ल्याउनु अत्यावश्यक छ ।

महिलाहरु स्वयंले पनि यी भ्रमहरुप्रति सचेत हुनु र तिनलाई चुनौती दिनु आवश्यक छ । उनीहरुले आफ्नो वास्तविक क्षमता र सम्भावनाहरुलाई पहिचान गर्नुपर्छ र समाजले थोपरेका सीमाहरुलाई तोड्ने साहस गर्नुपर्छ । शिक्षा, आर्थिक स्वतन्त्रता र आत्मनिर्णयको अधिकार- यी सबै महिला सशक्तीकरणका आधारभूत तत्वहरू हुन् ।

समानता, सम्मान र स्वतन्त्रताको वातावरण सिर्जना गर्न सबै पक्षको सक्रिय सहभागिता अपरिहार्य छ । पुरुषहरूले पनि यी भ्रमहरुलाई चिन्नु र तिनलाई तोड्ने प्रयासमा सहभागी हुनु महत्वपूर्ण छ । परिवार, शिक्षा संस्था, मिडिया र समाजका सबै क्षेत्रहरुले यी भ्रमहरूलाई चुनौती दिने र नयाँ, समतामूलक र न्यायपूर्ण मूल्यहरुलाई प्रवर्धन गर्ने दायित्व लिनुपर्छ ।

महिलाहरुमाथि थोपरिएका यी भ्रमहरुलाई चिर्न सजिलो छैन, तर यो असम्भव पनि छैन । यसका लागि निरन्तर प्रयास, संवाद र सामूहिक प्रतिवद्धताको आवश्यकता पर्छ । जब हामी यी भ्रमहरुलाई चिर्न सफल हुन्छौं, तब मात्र हामी एक स्वस्थ, समतामूलक र न्यायपूर्ण समाजको निर्माण गर्न सक्षम हुनेछौं- जहाँ हरेक व्यक्ति, चाहे पुरुष होस् वा महिला, आफ्नो पूर्ण क्षमतासम्म पुग्न सक्षम हुनेछ ।

*(मिश्र नेपाल ल क्याम्पसमा अध्ययनरत विद्यार्थी हुन् । स्रोतः अनलाईनखबर)*

# काठमाडौं उपत्यकामा ९ सय ५८ जनामा डेंगु सङ्क्रमण

काठमाडौंः काठमाडौं उपत्यकामा डेंगु सङ्क्रमितको सङ्ख्या ९ सय ५८ पुगेको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का अनुसार ललितपुरका १ सय ६६ जना, काठमाडौं ६ सय ८७ जना र भक्तपुर १ सय ५ जनामा डेंगु सङ्क्रमण देखिएको हो ।

देशभर डेंगुबाट सङ्क्रमित सङ्ख्या ८ हजार १५९ पुगेको छ भने पाँच जानको मृत्यु भएको छ । सो संख्या माघको दोस्रो सातायता फैलिएको डेंगुबाट सङ्क्रमितको हो ।

ईडीसीडीका अनुसार ७७ मध्ये हुम्ला र मुस्ताङबाहेकका ७५ जिल्लामा डेंगु फैलिएको छ । सात प्रदेशमध्ये सबैभन्दा बढी डेंगु सङ्क्रमित गण्डकी प्रदेशमा छन् । देशभर फैलिएको सङ्क्रमित संख्यामध्ये ३ हजार ८६३ जना अर्थात् ४७.३ प्रतिशत सङ्क्रमित गण्डकीमा रहेका छन् । यस्तै, बागमती प्रदेशमा २ हजार ७४ जना डेंगु सङ्क्रमित छन् भने कोशीमा ९४४ जना, मधेसमा १४० जना सङ्क्रमित रहेका छन् । यस्तै, लुम्बिनी प्रदेशमा ५५६ जना, कर्णालीमा ११८ जना डेंगु सङ्क्रमित छन् । यस्तै, सुदूर पश्चिममा ४६४ जना डेंगु सङ्क्रमित रहेको ईडीसीडीले जनाएको छ । *(स्रोतः रातोपाटी)*

## राष्ट्रिय भेट्रान्स फुटबल

# नवजागृति क्लब क्वार्टरफाइनलमा



*राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गर्ने नवजागृति भेट्रान्सको टिम ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी तेस्रो संस्करणको राष्ट्रिय रोटरी मकवानपुर पिप्ले क्याम्पा भेट्रान्स फुटबल प्रतियोगितामा र नवबहादुर खत्रीले प्रहार गरेको बल गोलमा परिणत हुँदा जीतपुरसिमरा उपमहानगर पालिकाको नवजागृति भेट्रान्स क्लब क्वार्टर फाइनलमा प्रवेश गरेको छ । बिहीबार हेटौंडा-५, पिप्लेस्थित पिप्ले क्याम्पा रंगशालामा भएको खेलमा काठमाडौं महानगरपालिकाको एसएन केसी भेट्रान्सलाई टाइब्रेकरमा ४-३ गोलले पराजित गर्दा खत्रीको प्रहार गोलमा परिणत भएकाले नवजागृतिले क्वार्टरफाइनलमा आफ्नो स्थान बनाउन सफल भएको हो ।

खेलको निर्धारित समय दुई-दुई गोलको बराबरीमा रोकिएपछि नतिजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो । नवजागृतिको टिमले एक गोल उपहारस्वरुप आत्माघाति प्राप्त गरेको थियो भने कमल कार्कीले एक गोल गरेका थिए । एसएन केसीका रञ्जित लामा र शिशिर हमालले समान एक-एक गोल गरेका थिए । खेलको म्यान अफ द म्याच नवजागृतिका गोलरक्षक कमल कार्की घोषित भएका छन् । दुवै पक्षबाट ५-५ खेलाडीले बल प्रहार गर्दा खत्रीले चौथो गोल गर्दै टिमलाई जिताएका हुन् ।

नवजागृतिका कुमार श्रेष्ठ, दीपककुमार तामाङ, ओम पाल्सिङ बस्नेत क्षेत्री र रनबहादुरले प्रहार गरेको बल गोलमा परिणत भएको थियो । यता, एसएन केसीका शिशिर हमाल, विनित गुरुङ, सरोज थापाले प्रहार गरेको बल गोलमा परिणत भएको थियो भने रञ्जित थापा र रितेश थापाको प्रहारलाई नवजागृतिका गोलरक्षक कार्कीले बचाएका थिए ।

वीरगञ्ज एकेडेमी र बगरभाइ खलक भेट्रान्सबीचको बिहीबार हुने खेल वर्षाको कारण स्थगित भएको छ । उक्त खेल आज शुक्रबार बिहान ८ बजे सञ्चालन गरिने रोटरी क्लब वर्ष २०२४/२५ का अध्यक्ष अनिल अग्रवालले बताउनुभयो । हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा सञ्चालन भइहरेको प्रतियोगितामा १५ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताबाट ७ वटा टिम बाहिरिएका छन् ।

प्रतियोगिताको फाइनल खेल आउँदो सोमबार हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख दुई हजार दुई सय २२ रुपैयाँ र उपविजेता टिमले एक लाख एक हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा सर्वोत्कृष्ट प्रशिक्षकले १० हजार रुपैयाँ, सर्वोत्कृष्ट खेलाडीले ५ हजार रुपैयाँ, सर्वोत्कृष्ट गोलरक्षक, डिफेन्स, मिडफिडर र फरवार्डले ५-५ हजार रुपैयाँ नगद राशि प्राप्त गर्नेछन् । प्रतियोगिताका लागि करिब १८ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

पहिलो र दोस्रो संस्करणको प्रतियोगिताको प्रथम पुरस्कार एक लाख रुपैयाँ र द्वितीय पुरस्कार ७५ हजार रुपैयाँ रहेकोमा यस वर्षबाट पुरस्कारको रकम बढाइएको हो । वि.स. २०७२ सालको पहिलो संस्करण र २०७३ सालको दोस्रो संस्करणको उपाधि चितवन भेट्रान्सले जितेको थियो ।

# २४ जनामा डेंगु संक्रमण पुष्टि

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा बिहीबार २४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार बिहीबार २४ जनामा डेंगु संक्रमण पुष्टि भएको हो ।

डेंगु संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका २३ जना बासिन्दा रहेका छन् भने मनहरी गाउँपालिकाका १ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । चालु आर्थिक वर्षको साउन महिनायता जिल्लामा ३ सय ७० जनामा डेंगु संक्रमण पुष्टि भइसकेको छ । डेंगु पुष्टि हुनेमा एक सय ८७ जना पुरुष र एक सय ८३ जना महिला रहेको कार्यालयको तथ्याङ्क छ ।

# धरहरा ३ असोजदेखि सञ्चालनमा ल्याइने

काठमाडौं: काठमाडौंको सुन्धारास्थित नवनिर्मित धरहरा ३ असोजदेखि अस्थायीरुपमा सञ्चालन हुने भएको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले संविधान दिवसको अवसर पारेर ३ असोजदेखि धरहरा अस्थायीरुपमा सञ्चालनमा ल्याउने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए ।

उनका अनुसार धरहरा सञ्चालनको जिम्मेवारी संघीय सरकारको शहरी विकास मन्त्रालयलाई दिइएको छ । २०७२ को भूकम्पले भत्किनुअघि संघीय सरकारले काठमाडौं महानगरपालिकालाई धरहरा सञ्चालन तथा व्यवस्थापनको जिम्मा दिएको थियो । महानगरपालिकाले एक निजी कम्पनीलाई ठेक्कामा दिएको थियो ।

बिहीबारको मन्त्रिपरिषद बैठकले धरहरा सञ्चालनसम्बन्धी यसअघिका सबै निर्णय खारेज गरेको ती मन्त्रीले जानकारी दिए । *(स्रोतः अनलाइनखबर)*

# पूर्वसांसद ढाकाकुमार श्रेष्ठ पक्राउ

काठमाडौं: लागूऔषध बिक्री गरेको आरोपमा पूर्वसांसद ढाकाकुमार श्रेष्ठ पक्राउ परेका छन् । लागू औषधसहित पक्राउ परेका एक युवकले उक्त लागूऔषध श्रेष्ठको औषधि पसलबाट खरिद गरेको भनेपछि उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एसपी मोहन थापाले जानकारी दिए ।

३ साउनमा प्रहरीले रोल्पा घर भई पोखरा बस्ने ४२ वर्षका प्रकाश थापा मगरलाई लागूऔषध टूपाइनको ९७ चक्कीसहित पक्राउ गरेको थियो । उनले उक्त औषधि पोखरा महानगरपालिका-९, पृथ्वीचोकमा रहेको दिया फार्मेसीबाट खरिद गरेको बयान दिएका थिए । त्यसपछि उक्त फार्मेसीका सञ्चालक पूर्वसांसद ढाकाकुमार श्रेष्ठविरुद्ध जिल्ला अदालत कास्कीले पक्राउ पुर्जी जारी गरेको र बिहीबार प्रहरीले नियन्त्रणमा लिएको हो । *(स्रोतः अनलाइनखबर)*

# वडास्तरीय टी-२० क्रिकेटको खेलतालिका सार्वजनिक

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेमा भदौ ३० गतेदेखि सुरु हुन लागेको वडास्तरीय टी-२० क्रिकेट प्रतियोगिताको खेलतालिका सार्वजनिक गरिएको छ । नेकपा एमाले ८ नम्बर वडा कमिटीको सहयोग तथा नेपाल खेलकुद महासंघ वडा कमिटीको आयोजनामा भदौ ३० गतेदेखि असोज ५ गतेसम्म हुन लागेको वडास्तरीय टी-२० क्रिकेट प्रतियोगिताको खेलतालिका सार्वजनिक गरिएको हो ।

सार्वजनिक खेल तालिकाअनुसार पहिलो दिन ३ खेल हुनेछ । चन्द्रोदय माध्यमिक विद्यालयको मैदानमा हुने पहिलो खेलमा आयोजक र हेटौंडा-५ 'ए'बीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा हेटौंडा-९ र हेटौंडा-३ बीच प्रतिस्पर्धा हुनेछ । यस्तै, तेस्रो खेलमा हेटौंडा-१ र हेटौंडा-४ बीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा १९ टिमको सहभागिता रहेको छ ।

नकआउट प्रणालीमा सञ्चालन हुने प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । उत्कृष्ट मार्चपास गर्ने टिमका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । लामो समयदेखि खेल क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिलाई सम्मान गरिनेछ । प्रतियोगिता आयोजनाका लागि ३ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# प्रदेश प्रहरी कार्यालयले गर्‍यो कार्यसम्पादन सम्झौता

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक कृष्णहरि शर्माले मातहतका कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्नुभएको छ । बागमती प्रदेश प्रहरी कार्यालयअन्तर्गतको प्रहरी कार्यालयका प्रमुखहरुसँग प्रत्यक्ष एवम् भर्चुअल माध्यमबाट आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यसम्पादन सम्झौता गरिएको हो ।

चालु आर्थिक वर्षको लागि बागमती प्रदेश प्रहरीअन्तर्गतका बागमती प्रदेश प्रहरी तालिम केन्द्र दुधौली, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर, नेपाल प्रहरी विशेष सुरक्षा गण रातोमाटे, बागमती प्रदेश प्रहरी गण र जिल्ला प्रहरी कार्यालय १० वटा गरी १४ वटा कार्यालयका प्रमुखहरुसँग प्रदेश प्रहरी प्रमुखले कार्यसम्पादन सम्झौता गर्नुभएको छ ।

कार्यक्रममा नेपाल प्रहरी प्रदेश कार्यालय बनेपासहित बागमती प्रदेश प्रहरी कार्यालय मातहत प्रहरी प्रमुखहरुले प्रस्तुतिकरण गर्नु भएको थियो । सो अवसरमा बागमती प्रदेश प्रहरी प्रमुखले सम्झौतामा उपस्थित कार्यालय प्रमुखसहित मातहत इलाका प्रहरी कार्यालय स्तरसम्मलाई भर्चुअल माध्यमबाट नेपाल प्रहरीको प्रमुख कार्य अपराध अनुसन्धान, गस्ती व्यवस्थापन, विशेष योजना, ट्राफिक व्यवस्थापन, वार्षिक कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने र चाडपर्व लक्षित सुरक्षा योजना बनाई प्रहरी परिचालन गर्ने लगायतको आवश्यक निर्देशन दिनुभएको हो ।

# नेपाली माटोमा सुन फलाउन सकिन्छः मन्त्री काफ्ले

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले नेपाली माटोमा सुन फलाउन सकिने बताउनु भएको छ । उहाँले नेपालमा अवसर नभएको भन्दै नेपालीहरुलाई विदेश पलायन गराउन राज्य नै घोषित अघोषितरुपमा लागिरहेको पनि बताउनुभयो ।

बिहीबार हेटौंडा-७ स्थित सि आशा फाउन्डेसन भवनको दोस्रो तल्ला उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री काफ्लेले यस्तो बताउनुभएको हो । सो अवसरमा उहाँले २० वर्षको कलिलो उमेरमा स्पेनबाट नेपाल आएर फरक क्षमता भएका बालबालिकाहरुको शिक्षादिक्षामा समर्पित आएना बार्का न्यौपानेको प्रशंसा गर्नुभयो । स्पेनजस्तो देशबाट नेपालमा सम्भावना देखेर हिम्मतका साथ काम गर्नु हाम्रा लागि सामाजिक र नैतिक शिक्षा नै भएको उहाँको भनाइ छ ।

आएना हेटौंडा-७ स्थित हरियाली टोलमा सञ्चालित सि आशा फाउन्डेसन विशेष पाठशालाकी संस्थापक सञ्चालक हुनुहुन्छ । आएनाले २०६९ सालदेखि हरियाली टोलमा संस्था स्थापना गरेर बौद्धिक (सिपी, डाउन सिन्ड्रोमलगायतका समस्या भएका) अपांगता भएका बालबालिकाहरुलाई शिक्षाको अवसर दिलाइरहनु भएको छ । पाठशालामा हाल ८० जनाभन्दा बढी फरक क्षमताका बालबालिकाहरु अध्ययन गरिरहेको आएनाले जानकारी दिनुभयो । कार्यक्रममा उहाँले सामान्यबालबालिकाजस्तै फरक क्षमताका बालबालिकाहरु पनि विद्यालय जान पाउनुपर्छ भन्ने लागेर आफूले फाउन्डेसन स्थापना गरी बालबालिका पढाइरेको बताउनुभयो ।

# वार्षिकोत्सवको अवसरमा निःशुल्क स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडाः कर्मचारी सञ्चय कोषको ६३ औं वार्षिकोत्सवको अवसरमा निःशुल्क स्वास्थ्य शिविर भएको छ । बिहीबार शाखा कार्यालय हेटौंडाको आयोजना तथा कर्मचारी मिलन केन्द्र मकवानपुरको समन्वय र चुरेहिल अस्पतालको प्राविधिक सहयोगमा सञ्चयकर्ता कर्मचारी र उनीहरूका परिवारका लागि निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको थियो ।

शिविरमा जनरल फिजिसियन सेवा, प्रेसर, सुगर, दम, रुघाखोकी, पेट, छाति, मुटुरोगको परीक्षण तथा परामर्श सेवा र निःशुल्क सुगर जाँच गरिएको थियो । शिविरको उद्घाटन जिल्ला प्रशासन कार्यालय मकवानपुरका निमित्त प्रमुख जिल्ला अधिकारी लोकमान श्रेष्ठले गर्नु भएको थियो । उहाँले यस्ता निःशुल्क स्वास्थ्य शिविरहरुले कर्मचारीको स्वास्थ्य अवस्थालाई परोक्षरुपमा जाँच गरी स्वस्थ राख्न मद्दत पुऱ्याउने बताउनुभयो । उहाँले कोषको यस प्रकारको पहलले कर्मचारीहरुको सामाजिक सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो ।

कार्यक्रममा कर्मचारी सञ्चय कोष हेटौंडा शाखाका कार्यालय प्रमुख डा. दिलिपराज पौडेलले कर्मचारी सञ्चय कोषले विगत ६२ वर्षदेखि देशको समृद्धिका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो । आजसम्म आइपुग्दा कोषले लाखौं कर्मचारीहरुको भविष्य सुरक्षित गर्न सफल भएको भन्दै सञ्चयकर्ताहरुलाई आर्थिक सुरक्षा र सामाजिक सुरक्षामा काम गरेको बताउनु भयो ।

उहाँले आफ्ना सञ्चयकर्ताहरुको स्वास्थ्यको ख्याल राख्न कोष सदैव प्रतिबद्ध रहेको भन्दै स्वास्थ्य शिविरमार्फत् सञ्चयकर्ताहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण सेवा प्रदान गर्नुका साथै सामाजिक सुरक्षातर्फ विशेष सुविधा उपलब्ध गराएको जानकारी दिनुभयो । कोषले सञ्चयकर्ता र निजको दम्पत्तिका लागि तोकेका अस्पतालमा उपचार गराई रितपूर्वकको निवेदन दिई कोषको नियमानुसार साधारण उपचार खर्चतर्फ १ लाख र दीर्घकालीन रोगतर्फ १० लाख रुपैयाँसम्म सहयोग गर्ने कार्यक्रम रहेकोसमेत जानकारी गराउनु भयो ।

कोषको शाखा कार्यालय हेटौंडाकी उपप्रबन्धक निमा डोमा शेर्पाले स्वास्थ्य शिविरमा सञ्चयकर्ताहरुले आफ्नो स्वास्थ्य जाँच गराउँदै निःशुल्क परामर्श र अन्य स्वास्थ्यसम्बन्धी सेवाहरु प्राप्त गरेको बताउनुभयो । स्वास्थ्य परीक्षण गर्ने क्रममा रक्तचाप, मधुमेह र अन्य सामान्य स्वास्थ्य जाँचका सेवाहरु प्रदान गरिएको उहाँले जानकारी दिनुभयो ।

कर्मचारी सञ्चय कोषको सामाजिक सुरक्षा र स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्ने प्रयासलाई अझै व्यापक बनाउँदै यस प्रकारका कार्यक्रमले कर्मचारीहरुमा सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने आशा गरिएको उहाँको भनाइ छ ।

# प्रधानमन्त्री र मन्त्रीहरूबिच कार्यसम्पादन सम्झौता

काठमाडौं: प्रधानमन्त्री केपी शर्मा ओलीसँग चालु आर्थिक वर्षमा गरिने मुख्य काम र हासिल हुने उपलब्धिका लागि उपप्रधानमन्त्रीद्वय र मन्त्रीहरूले बिहीबार कार्यसम्पादन सम्झौता गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार आयोजित कार्यक्रममा उक्त सम्झौतामा हस्ताक्षर र सम्झौताको प्रति आदानप्रदान गरिएको हो ।

यसैगरी प्रधानमन्त्री र नेपाल सरकारका मुख्यसचिवबिच कार्यसम्पादन सम्झौता भएको छ । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्न, प्रारम्भ गरिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधार का कार्यहरु तोकिएको समयमा सम्पन्न गर्न कार्यसम्पादन सम्झौता गरिएको हो ।

अनुसूचीसहित विभिन्न खण्डमा विभाजित कार्यसम्पादन सम्झौतामा सरकार गठन भएको पहिलो सय दिन (२०८१ कात्तिक ६ गते) सम्म गरिने प्रमुख कार्य र हासिल हुने उपलब्धि, दोस्रो सय दिन (२०८१ माघ १७) गतेसम्म गरिने प्रमुख कार्य र हासिल हुने उपलब्धि, आर्थिक वर्ष २०८१-०८२ को बाँकी अवधिमा गर्नुपर्ने काम र हासिल हुने उपलब्धिका विषय समावेश छन् । प्रधानमन्त्रीसँग मन्त्रीहरूले कार्यसम्पादन सम्झौता गरेपछि मन्त्रीहरूले सम्बन्धित सचिवहरूसँग कार्यसम्पादन सम्झौता गर्ने योजना रहेको छ । लक्षित उपलब्धि समयमा हासिल गर्न र सेवा प्रवाहमा चुस्तता ल्याउन तथा अनुगमन र मूल्याङ्कन गर्न यस प्रकारको सम्झौताको पद्धति प्रधानमन्त्री ओलीको विगतको कार्यकालमा आरम्भ भएको थियो । नेपाल बाहिर रहेका कारण अनुपस्थित संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, वन तथा वातावरण र कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीसँगको कार्यसम्पादन सम्झौतापछि गर्ने प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । *(स्रोतः रातोपाटी)*

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक ।**

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८४५०७७४१७/९८४५०६७४३५/९८४५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ